नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

(नेपाल टेलिकम)

केन्द्रीय कार्यालय

पदपूर्ति समिति

सूचना नं १९/२०८२-८३

गो.प.मा प्रकाशित मिति २०८२/१०/१६

## कार्यक्षमता मूल्याङ्कन बढुवाको सूचना

लोक सेवा आयोगबाट सहमति प्राप्त हुन आए बमोजिम यस कम्पनीमा रिक्त रहेका निम्न लिखित पदहरूमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ (संशोधन समेत) को विनियम ११, ३५, ३६, ३७, ३८, ३९,४०,४१ बमोजिम कार्यक्षमता मूल्याङ्कनको आधारमा देहायका पदहरूमा बढुवाद्वारा पूर्ति गर्नुपर्ने भएकोले विनियम ३५ को उपविनियम (२) बमोजिम कम्पनीको सम्बन्धित सेवा, समूह र उपसमूहको एक तह मुनिको पदमा ३ आर्थिक वर्ष स्थायी सेवा अबधि पुगेका तथा बढुवा हुने पदको लागि सोही अनुसूची-२ बमोजिम आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीहरूले यो सूचना गोरखापत्र दैनिकमा प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस कम्पनीको ERP System मा गई आफुलाई उपलब्ध ERP ID बाट लगइन गरी NDCL Employee Candidate Role मा गएर व्यक्तिगत प्रोफाइल विवरण र आफूले हासिल गरेको न्यूनतम शैक्षिक योग्यता तथा थप शैक्षिक योग्यता, सेवाकालीन तालिम, नियुक्ति तथा सरुवा, रमाना पत्र, जेष्ठता र भौगोलिक क्षेत्रको अनुभव स्पष्ट देखिने प्रमाणपत्रहरू अपलोड (Upload) गरी दरखास्त आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

म्याद नाघी प्राप्त भएको वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन । Online System द्वारा फाराम भर्दा आवेदकले भरेका र Upload गरेका विवरणहरू तोकिए बमोजिमका नभएमा वा झुठा ठहरिएमा त्यस्ता विवरणहरूको हकमा आवेदक स्वयं नै जिम्मेवार हुनेछ ।

आवेदकले Online दरखास्त भरे पश्चात् System मा आवेदन दर्ता गरेको Application Details को प्रिण्ट कपी संलग्न गरी Online फाराम भर्दा Upload गरिएका कागजातहरूको प्रतिलिपि समावेश गरी सोको पञ्जिकासहितको निवेदन फाइल तयार गरी काठमाण्डौं उपत्यकास्थित कार्यालयमा कार्यरत कर्मचारीले कम्पनीको केन्द्रीय कार्यालय, पदपूर्ति समितिको सचिवालयमा र उपत्यका बाहिरका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूले दरखास्त फाराम भर्ने अवधिभित्रै सम्बन्धित प्रादेशिक निर्देशनालयमा पठाउनु हुन समेत अनुरोध गरिन्छ ।

साथै कार्यक्षमता मूल्याङ्कन बढुवा प्रक्रियामा आवेदकको जेष्ठता, शैक्षिक योग्यता, सेवाकालीन तालिम, भौगोलिक कार्यक्षेत्रको कार्य अनुभव लगायतका अंक गणना सम्बन्धी कार्य ERP मा रहेको बैयक्तिक विवरण अनुसार हुने भएकोले आवेदक आफूले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्र, समकक्षता खुल्ने प्रमाणपत्र लगायतका विवरणहरू कम्पनीको मानव संशाधन विभाग, किताब शाखा मार्फत ERP System मा अनिवार्य रुपमा अध्यावधिक गराउनु हुन अनुरोध गरिन्छ ।

| सि.नं. | बि.नं. | सेवा/समूह | तह | पदको नाम | पदसंख्या |
|---|---|---|---|---|---|
| १ | १/२०८२-८३ | प्रा./टे. | ११ | प्रमुख प्राविधिक अधिकृत/प्रमुख संचालन अधिकृत/निर्देशक | ७ |
| २ | २/२०८२-८३ | प्र./प्र. | ११ | प्रमुख मानव संसाधन अधिकृत | १ |
| ३ | ३/२०८२-८३ | प्र./ले | ११ | प्रमुख वित्तीय अधिकृत / नायव प्रबन्ध निर्देशक (आ. ले. प.) | १ |
| ४ | ४/२०८२-८३ | मिश्रित (प्र./प्रा.) | ११ | प्रमुख व्यावसायिक अधिकृत | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ५/२०८२-८३ | प्रा./टे. | १० | निर्देशक/ प्रबन्धक (टेलिकम) | १६ |
| ६ | ६/२०८२-८३ | प्रा./सि. | १० | प्रबन्धक (सिभिल) | १ |
| ७ | ७/२०८२-८३ | प्र./प्र. | १० | प्रबन्धक (प्रशासन) | २ |
| ८ | ८/२०८२-८३ | प्र./ले. | १० | प्रबन्धक (लेखा) | ३ |
| ९ | ९/२०८२-८३ | प्रा./टे. | ९ | उप प्रबन्धक (टेलिकम) | १४ |
| १० | १०/२०८२-८३ | प्रा./प्रा. | ९ | उप प्रबन्धक (प्राविधिक) | १ |
| ११ | ११/२०८२-८३ | प्र./प्र. | ९ | उप प्रबन्धक (प्रशासन) | ६ |
| १२ | १२/२०८२-८३ | प्र./ले. | ९ | उपप्रबन्धक (लेखा) | २ |
| १३ | १३/२०८२-८३ | प्र./ले. | ९ | उप प्रबन्धक (चा.ए.) | १ |
| १४ | १४/२०८२-८३ | प्रा./टे. | ८ | वरिष्ठ इन्जिनियर (टेलिकम) | ११ |
| १५ | १५/२०८२-८३ | प्रा./प्रा. | ८ | वरिष्ठ प्राविधिक अधिकृत | १ |
| १६ | १६/२०८२-८३ | प्र./प्र. | ८ | वरिष्ठ प्रशासकीय अधिकृत | ५ |
| १७ | १७/२०८२-८३ | प्र./प्र. | ८ | वरिष्ठ व्यापार अधिकृत | १ |
| १८ | १८/२०८२-८३ | प्र./ले. | ८ | वरिष्ठ लेखा अधिकृत | ५ |
| १९ | १९/२०८२-८३ | प्रा./प्रा. | ७ | प्राविधिक अधिकृत | १६ |
| २० | २०/२०८२-८३ | प्र./प्र. | ७ | प्रशासकीय अधिकृत | १३ |
| २१ | २१/२०८२-८३ | प्र./प्र. | ७ | व्यापार अधिकृत | २ |
| २२ | २२/२०८२-८३ | प्र./ले. | ७ | लेखा अधिकृत | १० |
| २३ | २३/२०८२-८३ | प्रा./प्रा. | ६ | सहायक प्राविधिक अधिकृत | १८ |
| २४ | २४/२०८२-८३ | प्रा./प्रा. (नि. तथा म.) | ६ | सहायक प्राविधिक अधिकृत (निर्माण तथा मर्मत) | ३ |
| २५ | २५/२०८२-८३ | प्र./प्र. | ६ | सहायक प्रशासकीय अधिकृत | २ |
| २६ | २६/२०८२-८३ | प्र./ले. | ६ | सहायक लेखा अधिकृत | १ |
| २७ | २७/२०८२-८३ | प्रा./प्रा. | ५ | सिनियर टेक्निसियन | ९ |
| २८ | २८/२०८२-८३ | प्र./प्र. | ५ | वरिष्ठ सहायक | १० |
| २९ | २९/२०८२-८३ | प्रा./प्रा. | ४ | टेलिकम टेक्निसियन | ६ |
| ३० | ३०/२०८२-८३ | प्रा./प्रा. | ३ | जुनियर टेक्निसियन | ८ |

सदस्य सचिव
पदपूर्ति समिति

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
(नेपाल टेलिकम)
केन्द्रीय कार्यालय
पदपूर्ति समिति
सूचना नं. २०/२०८२-८३

गो.प.मा प्रकाशित मिति २०८२/१०/१६

## आन्तरिक प्रतियोगितात्मक परीक्षाको सूचना

लोकसेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम यस कम्पनीमा रिक्त रहेका निम्न लिखित पदहरूमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ (संशोधन समेत) को विनियम ११, १६, ३४ र ४१ बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित सेवा समूहको एक तह मुनिको पदमा कम्तिमा तीन वर्ष स्थायी सेवा अवधि पुरा भएका र सोही विनियमावलीको अनुसूची -२ बमोजिम आन्तरिक प्रतियोगिताको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कम्पनीका कर्मचारीहरूबाट Online दरखास्त आव्हान गरिएको छ ।

योग्य उम्मेदवारहरूले कम्पनीको ERP System मा गई आफुलाई उपलब्ध ERP ID बाट लगइन गरी NDCL Employee Candidate Role मा गएर व्यक्तिगत प्रोफाइल विवरण, आफूले हासिल गरेको न्यूनतम शैक्षिक योग्यता तथा थप शैक्षिक योग्यता, नियुक्तिका प्रमाणपत्रहरू अपलोड (Upload) गरी आवेदन फाराम दरखास्त दिनुपर्नेछ । रित नपुगेका, म्याद नाघी वा दरखास्त साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरू संलग्न नभई पेश भएको दरखास्त उपर कुनै कारवाही हुने छैन । Online System द्वारा फाराम भर्दा आवेदकले भरेका र Upload गरेका विवरणहरू तोकिए बमोजिमका नभएमा वा झुठा ठहरिएमा त्यस्ता विवरणहरूको हकमा आवेदक स्वयं नै जिम्मेवार हुनेछ ।

| सि.नं. | बि.नं. | सेवा/समूह | तह | पद/नाम | पद संख्या | परीक्षा दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | ३१/२०८२-८३ | प्रा./टे. | १० | निर्देशक/प्रबन्धक (टेलिकम) | १ | १०००/- |
| २ | ३२/२०८२-८३ | प्रा./टे. | ९ | उप प्रबन्धक (टेलिकम) | ४ | ८००/- |
| ३ | ३३/२०८२-८३ | प्र./प्र. | ९ | उप प्रबन्धक (प्रशासन) | १ | ८००/- |
| ४ | ३४/२०८२-८३ | प्रा./टे. | ८ | वरिष्ठ इन्जिनियर (टेलिकम) | ४ | ८००/- |
| ५ | ३५/२०८२-८३ | प्र./प्र. | ८ | वरिष्ठ प्रशासकीय अधिकृत | १ | ८००/- |
| ६ | ३६/२०८२-८३ | प्र./प्र. | ८ | वरिष्ठ व्यापार अधिकृत | १ | ८००/- |
| ७ | ३७/२०८२-८३ | प्र./ले. | ८ | वरिष्ठ लेखा अधिकृत | २ | ८००/- |
| ८ | ३८/२०८२-८३ | प्रा./टे. | ७ | टेलिकम इन्जिनियर (कम्प्युटर) | १ | ७००/- |
| ९ | ३९/२०८२-८३ | प्रा./प्रा. | ७ | प्राबिधिक अधिकृत | ६ | ७००/- |
| १० | ४०/२०८२-८३ | प्र./प्र. | ७ | प्रशासकीय अधिकृत | ४ | ७००/- |
| ११ | ४१/२०८२-८३ | प्र./ले. | ७ | लेखा अधिकृत | ४ | ७००/- |
| १२ | ४२/२०८२-८३ | प्रा./प्रा. | ६ | सहायक प्राबिधिक अधिकृत | ६ | ७००/- |
| १३ | ४३/२०८२-८३ | प्रा./प्रा. (नि. तथा म.) | ६ | सहायक प्राबिधिक अधिकृत (निर्माण तथा मर्मत) | १ | ७००/- |
| १४ | ४४/२०८२-८३ | प्र./प्र. | ६ | सहायक प्रशासकीय अधिकृत | १ | ७००/- |
| १५ | ४५/२०८२-८३ | प्रा./प्रा. | ५ | सिनियर टेक्निसियन | २ | ५००/- |
| १६ | ४६/२०८२-८३ | प्र./प्र. | ५ | वरिष्ठ सहायक | ३ | ५००/- |
| १७ | ४७/२०८२-८३ | प्रा./प्रा. | ४ | टेलिकम टेक्निसियन | २ | ५००/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | ४८/२०८२-८३ | प्रा./प्रा. | ३ | जुनियर टेक्निसियन | ३ | ३००/- |

१. **परीक्षाको किसिम :** लिखित तथा अन्तर्वार्ता, (प्राविधिक सेवा तर्फ तह-४, टेलिकम टेक्निसियन र तह-३, जुनियर टेक्निसियनको लागि प्रयोगात्मक परिक्षा हुनेछ) र लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

२. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया :** Online दरखास्त फाराम Submit गरे पश्चात Online Portal मा रहेको Payment Option मा गई कम्पनीले तोकेका अनलाइन भुक्तानी सेवा प्रदायकहरू मध्ये कुनै एक छनौट गरी भुक्तानी गर्न सकिनेछ । अनलाइन भुक्तानी सेवा प्रदायकहरूको विवरण कम्पनीको वेवसाइटमा प्रकाशित गरिएको छ ।

३. **दरखास्त भर्ने अन्तिम मिति :** २०८२/११/०७ सम्म दोब्बर दस्तुरको लागि मिति : २०८२/११/१४ सम्म ।

४. **लिखित परीक्षा सञ्चालन हुने मिति, समय र केन्द्र :**उपरोक्त विज्ञापनहरूको लिखित परीक्षाको मिति, समय र परीक्षा केन्द्र लोक सेवा आयोगबाट तोकिए बमोजिम हुनेछ ।

५. पाठ्यक्रम :लिखित परीक्षाको पाठ्यक्रमहरू यस कम्पनीको website www.ntc.net.np मा उपलब्ध छ ।

६. दरखास्त दिने अन्तिम मिति (नियमित दस्तुरको म्याद) भन्दा पछि प्राप्त हुने शैक्षिक योग्यता, समावेशीको प्रमाण पत्र, परिषद् दर्ता प्रमाण पत्र, तालिमम, अनुभव र सेवा अबधि मान्य हुनेछैन । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण पत्र अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

सदस्य सचिव

पदपूर्ति समिति

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

(नेपाल टेलिकम)

केन्द्रीय कार्यालय

पदपूर्ति समिति

सूचना नं २१/२०८२-८३

गो.प.मा प्रकाशित मिति : २०८२/१०/१६

## खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको दरखास्त आह्वान सम्बन्धी सूचना

लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम यस कम्पनीमा रिक्त रहेका निम्नलिखित पदहरूमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ (संशोधन समेत) बमोजिम खुला तथा समावेशी प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले निम्नानुसार योग्यता पुगेका, विनियम १७ बमोजिम अयोग्य नभएका तथा लोक सेवा आयोगबाट सञ्चालित परीक्षामा अनियमितता गरेको सम्बन्धमा यस अघि निश्चित अवधिसम्म आयोगद्वारा संचालित कुनै पनि परीक्षामा सहभागी हुन नपाउने गरी कारवाहीमा नपरेका इच्छुक नेपाली नागरिकहरूबाट Online दरखास्त आह्वान गरिएको छ ।

आवेदकले नेपाली नागरिकताको प्रमाणपत्र, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, दस्तखतको नमुना, आफूले हासिल गरेको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरू, तालिम, अनुभव, व्यवसायिक परिषद् दर्ता प्रमाणपत्र (आवश्यक हुने पदको लागि मात्र), समावेशिताको प्रमाणपत्र, समकक्षता निर्धारण पत्रहरू र लोक सेवा आयोगबाट पूर्व योग्यता परीक्षा लिने पदको हकमा पूर्व योग्यता परीक्षा उत्तीर्ण भएको प्रमाण-पत्र Online फारामको निर्दिष्ट स्थानमा Upload गरी कम्पनीको website www.ntc.net.np वा vacancy.ntc.net.np मार्फत Online System द्वारा दरखास्त दिनुपर्नेछ । रित नपुगेका, म्याद नाघी वा दरखास्त साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरू संलग्न नभई पेश भएका दरखास्त उपर कुनै कारवाही हुने छैन । Online System द्वारा फाराम भर्दा आवेदकले भरेका र Upload गरेका विवरणहरू तोकिए बमोजिमका नभएमा वा झुठा ठहरिएमा त्यस्ता विवरणहरूको हकमा आवेदक स्वयं नै जिम्मेवार हुनेछ । लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

| सि.नं. | विज्ञापन नं. | सेवा/समूह | तह | पद | खुला र समावेशी पद संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा पद संख्या | खुला | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र |
| १ | ४९/२०८२-८३ | प्रा./टे. | ९ | उप प्रबन्धक (टेलिकम) | २ | १ | | | | १ | | |
| २ | ५०/२०८२-८३ | प्र./प्र. | ९ | उप प्रबन्धक (प्रशासन) | १ | १ | | | | | | |
| ३ | ५१/२०८२-८३ | प्रा./टे. | ८ | वरिष्ठ इन्जिनियर (टेलिकम) | २ | १ | | १ | | | | |
| ४ | ५२/२०८२-८३ | प्र./प्र. | ८ | वरिष्ठ प्रशासकीय अधिकृत | १ | | | १ | | | | |
| ५ | ५३/२०८२-८३ | प्र./ले. | ८ | वरिष्ठ लेखा अधिकृत, (चा ए) | ३ | २ | १ | | | | | |
| ६ | ५४/२०८२-८३ | प्रा./टे. | ७ | टेलिकम इन्जिनियर, (कम्प्युटर) | ५ | ३ | | १ | | १ | | |
| ७ | ५५/२०८२-८३ | प्रा./टे. | ७ | टेलिकम इन्जिनियर, (इलेक्ट्रिकल) | १ | १ | | | | | | |
| ८ | ५६/२०८२-८३ | प्रा./सि. | ७ | इन्जिनियर (सिभिल) | १ | १ | | | | | | |
| ९ | ५७/२०८२-८३ | प्र./प्र. | ६ | सहायक प्रशासकीय अधिकृत | ६ | ४ | १ | १ | | | | |
| १० | ५८/२०८२-८३ | प्र./ले. | ६ | सहायक लेखा अधिकृत | ३ | २ | | | १ | | | |
| ११ | ५९/२०८२-८३ | प्रा./प्रा.(नि. तथा म.) | ५ | ओभरसियर | २ | १ | | १ | | | | |
| १२ | ६०/२०८२-८३ | प्र./प्र. | ४ | सहायक | २३ | १३ | ३ | ३ | २ | २ | | |
| १३ | ६१/२०८२-८३ | प्रा./प्रा. | ४ | टेलिकम टेक्निसियन | १२ | ७ | २ | १ | १ | १ | | |
| १४ | ६२/२०८२-८३ | प्रा./प्रा. | ३ | जुनियर टेक्निसियन | १८ | १० | २ | २ | २ | १ | १ | |

**बिज्ञापन सम्बन्धी विशेष सूचना:** सम्मानित सर्वोच्च अदालतबाट रिट नं 078-W0-660 समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९।१०।२४ मा भएको परमादेशको आदेश बमोजिम कानुनी व्यवस्था भएपश्चात सोही अनुसार पदपूर्ति गरिनेछ।

क. आवश्यक न्यूनतम योग्यताः

१. तह-९, उप-प्रवन्धक (टेलिकम) र तह-८, वरिष्ठ इन्जिनियर (टेलिकम) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट यस कम्पनीको सम्बन्धित सेवा, समूहको अधिकृतस्तरको पदमा शुरु सेवा प्रवेशको लागि तोकिएको "टेलिकम्युनिकेशन्स एण्ड कम्युनिकेशन वा रेडियो वा इलेक्ट्रिकल एण्ड कम्युनिकेशन्स वा इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स वा Information Technology, Computer Software वा Computer Hardware इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग (कम्युनिकेशन, इलेक्ट्रोनिक्स, कम्प्युटर, रेडियो मध्ये कुनै एक विषय) वा Computer Science, Information Communication वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग वा रेफ्रिजरेशन एण्ड एयर कण्डिसन वा मेकानिकल इन्जिनियरिङ्ग वा सो सरहको कुनै एक विषयमा" स्नातकोत्तर तह उत्तीर्ण गरेको र प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको तथा नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनु पर्नेछ । तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ ।

२. तह-९, उप-प्रवन्धक (प्रशासन) र तह-८, वरिष्ठ प्रशासकीय अधिकृत पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट यस कम्पनीको सम्बन्धित सेवा, समूहको अधिकृतस्तरको पदमा शुरु सेवा प्रवेशको लागि तोकिएको विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनु पर्नेछ । तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ ।

३. तह-८, वरिष्ठ लेखा अधिकृत (चा.ए.) पदको लागि : मान्यता प्राप्त संस्था (इन्स्टिच्युट)बाट चार्टर्ड एकाउण्टेन्सी वा सर्टिफाइड पब्लिक एकाउण्टेन्सी परीक्षा उत्तीर्ण गरी प्रचलित नेपाल कानुन बमोजिम नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थामा दर्ता भएको ।

४. तह-८, वरिष्ठ लेखा अधिकृत पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर गह उत्तीर्ण गरेको र नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पांच वर्ष सेवा गरेको अनुभव हुनुपर्ने छ । तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ ।

५. तह-७, टेलिकम इञ्जिनियर (कम्प्युटर) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer Science, Information Technology, Information Communication, Computer Software, Computer Hardware वा कम्प्युटर इन्जिनियरिङ्ग वा सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई स्नातक उपाधि हासिल गरी प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको ।

६. तह-७, टेलिकम इञ्जिनियर (इलेक्ट्रिकल ) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रिकल वा इलेक्ट्रिकल एण्ड कम्युनिकेशन्स वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग वा सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई स्नातक उपाधि हासिल गरी प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको ।

७. तह-७, इञ्जिनियर (सिभिल) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक उपाधि हासिल गरी प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको ।

८. तह-६, सहायक लेखा अधिकृत पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको।

९. तह-६, सहायक प्रशासकीय अधिकृत पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट जुनसुकै बिषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।

१०. तह-५, ओभरसियर पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा आर्किटेक्ट वा सर्भे इन्जनियरिङ्गमा प्रमाणपत्र तह वा डिप्लोमा इन्जनियरिङ्ग वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

नेपाल टेलिकम
नेपाल दूरसंचार कं. लि.

११. तह-४, सहायक पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई.मा कम्तिमा जि.पि.ए. दुई प्राप्त वा एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी लोक सेवा आयोगबाट सञ्चालित पूर्वयोग्यता परीक्षा उत्तीर्ण भई प्रमाणपत्र प्राप्त भएको ।

१२. तह-४, टेलिकम टेक्निसियन पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको दूरसञ्चार तालिम केन्द्रबाट ट्रान्समिशन, आउटसाइड, पावर, स्विचिङ्ग वा टेलिकम टेक्निसियनको तालिम प्राप्त वा राष्ट्रिय सिप परीक्षण केन्द्रबाट ट्रान्समिशन, आउटसाइड, पावर, स्विचिङ्ग बिषयमा तह २ को सीप परीक्षण उत्तिर्ण भएको ।

१३. तह-३, जुनियर टेक्निसियन पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण गरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको दूरसञ्चार तालिम केन्द्रबाट ट्रान्समिशन, आउटसाइड, पावर, स्विचिङ्ग वा जुनियर टेक्निसियनको तालिम प्राप्त वा राष्ट्रिय सिप परीक्षण केन्द्रबाट ट्रान्समिशन, आउटसाइड, पावर, स्विचिङ्ग बिषयमा तह १ को सीप परीक्षण उत्तीर्ण भएको ।

**ख. उमेरको हद :** दरखास्त दिने अन्तिम मिति सम्ममा सहायक स्तरको पदको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, तह ६ देखि तह ७ सम्मको अधिकृत स्तरको पदको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा तह ८ र तह ९ को अधिकृतस्तरको पदको लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ । साथै सबै पदका लागि महिला र अपांगता भएका उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनुपर्ने छ । उक्त प्रयोजनको लागि उमेरको गणना गर्दा दरखास्त बुझाउने अन्तिम मिति (सूचना प्रकाशित मितिले २१ दिनको म्याद) लाई आधार मानिनेछ । दोब्बर दस्तुर बुझाई दरखास्त दिन पाउने अबधिलाई गणना गरिने छैन । नेपाल दूरसञ्चार कम्पनीको बहालवाला स्थायी कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

**ग. परीक्षाको किसिम :** लिखित, अन्तर्वार्ता (प्राबिधिक सेवा तर्फ तह-४, टेलिकम टेक्निसियन र तह-३, जुनियर टेक्निसियन को लागि प्रयोगात्मक परिक्षा समेत हुनेछ) ।

**घ. परीक्षा दस्तुर बुझाउने प्रक्रियाः** Online दरखास्त फाराम Submit गरे पश्चात Online Portal मा रहेको Payment Option मा गई कम्पनीले तोकेका अनलाइन भुक्तानी सेवा प्रदायकहरू मध्ये कुनै एक छनौट गरी भुक्तानी गर्न सकिनेछ । अनलाइन भुक्तानी सेवा प्रदायकहरूको विवरण कम्पनीको वेवसाइटमा प्रकाशित गरिएको छ ।

**ङ. दरखास्त भर्ने अन्तिम मिति :** २०८२/११/०७ सम्म र दोब्वर दस्तुर तिरी २०८२/११/१४ सम्म ।

**च. लिखित परीक्षा सञ्चालन हुने मिति, समय र केन्द्र :**
उपरोक्त विज्ञापनहरूको लिखित परीक्षाको मिति, समय र परीक्षा केन्द्र लोक सेवा आयोगबाट तोकिए बमोजिम हुनेछ ।

**छ. परीक्षा दस्तुर :-** देहाय बमोजिम लाग्ने छ ;

| सि.नं. | पद/तह | दस्तुर(रु.) | प्रत्येक समावेशी समूहको लागि थप |
|---|---|---|---|
| १ | अधिकृतस्तर तह ८ र तह ९ को लागि | रु.८०० ।– (आठ सय) | अधिकृतस्तर को लागि रु.२०० ।– ( दुई सय) |
| २ | अधिकृतस्तर तह ६ र ७ को लागि | रु.७०० ।– (सात सय) | |
| ३ | सहायकस्तर तह ५ को ओभरसियर लागि | रु.५०० ।– (पाँच सय) | सहायकस्तर को लागि रु.१०० ।– ( एक सय) |
| ४ | सहायकस्तर तह ४ को लागि | रु.५०० ।– (पाँच सय) | |
| ५ | सहायकस्तर तह ३ को लागि | रु.३०० ।– (तीन सय) | |

**द्रष्टव्य :** खुलातर्फ आवेदन नगरी समावेशी समूहतर्फ मात्र आवेदन गरेमा पहिलो एक समूहको लागि खुला सरह परीक्षा दस्तुर लाग्नेछ । थप समावेशी समूहको लागि माथि उल्लेख भए बमोजिम थप दस्तुर लाग्नेछ ।
दरखास्त दिने अन्तिम मिति (नियमित दस्तुरको म्याद) भन्दा पछि प्राप्त हुने शैक्षिक योग्यता, समावेशीको प्रमाण पत्र, परिषद् दर्ता प्रमाण पत्र, तालिम, अनुभव, सेवा अबधि मान्य हुने छैन् । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको समकक्षता पत्र अनिवार्य संलग्न गर्नु पर्नेछ ।
पाठ्यक्रमहरू यस कम्पनीको website www.ntc.net.np बाट प्राप्त गर्न सकिने छ ।

नेपाल टेलिकम
नेपाल दूरसञ्चार कं.

ज. समावेशी समूहतर्फ दरखास्त दिंदा उम्मेदवारहरूले तयार गर्नु पर्ने थप कागजातहरू :

समावेशी समूहतर्फका विज्ञापनहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरेर मात्र दरखास्त दिनु पर्नेछ । उल्लिखित कागजातहरू नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ ।

१. आदिवासी/जनजातिका हकमा : नेपाल आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सो ऐनको सूचीको आधारमा, तर नेपाल आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात ।

२. दलितका हकमाः राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

३. अपाङ्गता भएका ब्यक्तिको हकमाः स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र ।

४. मधेसीका हकमाः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

५. पिछडिएको क्षेत्रको हकमाः बझाङ्ग, बाजुरा, अछाम, हुम्ला, मुगु, जुम्ला, कालिकोट, डोल्पा, र जाजरकोट जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी आवेदन फाराम दर्ता गर्ने अन्तिम भन्दा अगाडि ३ महिनाको अवधि भित्र प्रमाणित गरेको कागजात ।

झ. काम गर्नुपर्ने कार्यालयहरू :

१. तह ३ र ४ मा नियुक्ति सिफारिस हुने उम्मेदवारले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली २०७८ को अनुसूची ८ अनुसार क, ख र ग वर्गका भौगोलिक क्षेत्रका कार्यालयहरुमा कर्मचारी विनियममावलीमा तोकिएको अवधिसम्म अनिवार्यरुपमा कामकाज गर्नुपर्नेछ।

२. तह ५ (सिभिल) मा नियुक्ति सिफारिस हुने उम्मेदवारहरूले काठमाडौं उपत्यका बाहिरका निर्देशनालय र कार्यालयहरूमा कर्मचारी विनियममावलीमा तोकिएको अवधिसम्म अनिवार्यरुपमा कामकाज गर्नुपर्नेछ।

३. ब.ले.अ. (चा.ए.) बाहेक सबै अधिकृत स्तरका पदहरूमा सिफारिस हुने उम्मेदवारहरूले काठमाडौं उपत्यका बाहिरका निर्देशनालय, र कार्यालयहरूमा कर्मचारी विनियममावलीमा तोकिएको अवधिसम्म अनिवार्यरुपमा कामकाज गर्नुपर्नेछ।

पुनश्चः Online मार्फत फाराम भर्दा कुनै समस्या भएमा यस कम्पनीको सम्पर्क टेलिफोन नं. ०१४२१०४१५, ०१४२१०४६२, ०१४२१०४७३, ०१४२१०४१६ का साथै email : recruit@ntc.net.np मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सदस्य सचिव
पदपूर्ति समिति